# सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

## आ.व. २०७६/२०७७ को अनुमानित आय-व्यय (बजेट) कार्यक्रम

तयारी
बजेट मस्यौदा उपसमिति २०७६
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ

पेश गरिएको
क्याम्पस सञ्चालक समिति
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैँचा, मोरङ
२०७६ भाद्र

# सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा मोरङ
## आ.व. २०७६/२०७७ को अनुमानित आय-व्यय (बजेट) कार्यक्रम

### विषय सूची


१. बजेट बक्तव्य ............ १
२. आम्दानीको व्याख्या ............ ३
३.विद्यार्थी शुल्क आम्दानी ............ ३
४. विवि अनुदान तथा अन्य आम्दानी ............ ५
५. अन्य क्षेत्रबाट प्राप्तहुने आम्दानी ............ ५
६. अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने ............ ५
७. धरौटी आय ............ ७
८. खर्च तर्फको व्याख्या ............ ८
९. पूँजीगत खर्च ............ ८
१०.भवन निर्माण ............ ९
११. सवारी साधन ............ १०
१२. फर्निचर ............ १०
१३. कार्यालय उपकरण ............ १०
१४. पुस्तकालय, पुस्तक र RMC ............ १०
१५. वैज्ञानिक तथा शैक्षिक उपकरण ............ ११
१६. पानी तथा विद्युत ............ ११
१७. अन्य निर्माण ............ ११
१८. विविध सम्पत्ति ............ ११
१९. क्याम्पस कोष ............ ११
२०. धरौटी खर्च र भुक्तानी दिनु पर्ने दायित्व............ १२
२१. सञ्चालन खर्च ............ १३
२२. शिक्षण तलव तथा तलव प्रशासन ............ १५
२३. अन्य सञ्चालन खर्च ............ १८
२४. सुझवहरू ............ २१


### तालिका सूची


तालिका १ : आ.व. २०७६/०७७ को अनुमानित समष्टिगत आय विवरण ............ ३
तालिका २ : आ व २०७६/२०७७ को समष्टिगत अनुमानित शुल्क आम्दानी ............ ४
तालिका ३ : आव २०७६/२०७७ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी ............ ६
तालिका ४ : आ व २०७६/२०७७ को अनुमानित धरौटी आम्दानी ............ ७
तालिका ५ : आ.व. २०७६।०७७ को अनुमानित समष्टिगत खर्च विवरण ............ ८
तालिका ६ : आ व २०७६/२०७७ को अनुमानित पुंजी तथा कोष व्यवस्थापन ............ ९
तालिका ७ : आ व २०७६/२०७७ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व ............ १२
तालिका ८ : आ.व. २०७६।२०७७ को अनुमानित सञ्चालन खर्च ............ १३

## अनुसूचीहरू

अनुसूची १ : आव २०७६/२०७६ को शिक्षक कर्मचारीको पारिश्रमिक विवरण
अनुसूची २ : आव २०७६/२०७७ को कक्षागत विद्यार्थी आम्दानी
अनुसूची ३ : आव २०७६/२०७७ को विद्यार्थी शुल्क संरचना
अनुसूची ४ : आव २०७६/२०७७ को अनुमानित विद्यार्थी सङ्ख्या
अनुसूची ५ : आव २०७६/२०७७ को बजेट समितिको निर्णय
अनुसूची ६ : आव २०७६/२०७७ को सञ्चालक समितिको निर्याय

# सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा, मोरङ

**विषय : आ.व. २०७६/२०७७ को अनुमानित आय-व्यय (बजेट) सम्बन्धमा ।**

श्रीमान् अध्यक्षज्यू,

क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा पदाधिकारीज्यूहरू,

र बजेट मस्यौदा समितिका सदस्यहरू,

सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।

उपर्युक्त सम्बन्धमा क्याम्पस सञ्चालक समितिको मिति २०७६ साल असार २२ गतेको बैठकको निर्णयअनुसार क्याम्पस प्रमुख श्री चन्द्रमणि राईको संयोजकत्वमा गठन भएको बजेट मस्यौदा उपसमितिले क्याम्पसमा उपलब्ध हुनसक्ने साधन र स्रोतहरूको पहिचान गरी आर्थिक वर्ष २०७६/२०७७ का लागि अनुमानित आय व्ययको मस्यौदा (बजेट) तयार गरेको छ ।

प्रस्तुत बजेट तयार गर्नेक्रममा विगत वर्षहरूमा भएगरेका आम्दानी र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा विश्लेषण गर्दै आगामी कार्यक्रमहरू तयार पारिएका छन् । क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation-QAA) प्राप्त गरेको चार वर्षपूरा भइसकेको अवस्थामा संस्थाले भौतिक निर्माणका कार्यहरू गर्दै कार्यसम्पादन क्षमता (Performance), गुणस्तर कायम, क्षमता अभिवृद्धि एवम् सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि गर्ने, प्राज्ञिक स्वयत्ततामा जानुपर्ने साथै प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रमहरू थप गर्नुपर्ने सुझावहरू प्राप्त भइरहेका छन् । क्याम्पसले QAA प्राप्त गरिसकेपछि उच्च शिक्षा सुधार परियोजना (HERP)अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको अवस्थामा शैक्षिक गुणस्तर, व्यवस्थापकीय क्षमता सुधार, अनुसन्धान क्षमताको अभिवृद्धि, तालिम सेमिनार, सेमिनार कक्ष, सुविधा सम्पन्न गुणस्तरीय आकर्षक कक्षाकोठा निर्माण तथा फर्निचर व्यवस्थापन, शिक्षण सिकाइमा प्रविधिको प्रयोग, पुस्तक तथा पुस्तकालय स्तरिकरण, विद्यार्थी कल्याण, विद्यार्थीका लागि यातायातको व्यवस्था, शैक्षणिक क्रियाकलापमा सुधार, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्थापन तथा सरोकारवालाहरूको क्याम्पस कार्यक्रम सम्म पुग्ने पहुँच र प्राध्यापक तथा कर्मचारीको वृत्तिविकासलाई समेत सम्बोधन हुने गरी बजेट तयार पारिएको छ ।

क्याम्पसको नियमित आम्दानीको मुख्य स्रोत बिद्यार्थीबाट प्राप्त हुने शुल्क नै रहेको छ । यसका अतिरिक्त अन्य अनुदान आय , धरौटी आय, र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान र स्रोत परिचालन

अन्तर्गतको $DLI_2$ साथै प्रदेश सरकार र संसदीय क्षेत्र विकास कोषबाट योजनामा प्राप्तहुने अपेक्ष गरिएको स्रोतलाई आम्दानीका रूपमा राखिएको छ । यस बाहेक क्याम्पसको प्रस्तावनाका आधारमा दातृ निकाय वा दुतावारबाट बस खरिदका लागि अपेक्षा गरिएको आम्दानी समेत समावेश गरिएको छ । यिनै स्रोतबाट प्राप्त हुने अनुमानित रकमलाई छुट्टाछुट्टै शीर्षकमा राखी बजेट बाँडफाँट गरिएको छ । क्याम्पसको कुल अनुमानित आम्दानीलाई तालिका नं. १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ भने कुल अनुमानित खर्चलाई तालिका नं. ५ देखि ८ सम्ममा प्रस्तुत गरिएको छ ।

बजेट मस्यौदा समितिले मस्यौदा तयार गर्दा गरेका निर्णयहरू निर्णय पुस्तिकामा लिपिवद्ध गरिएका छन् । आम्दानीका स्रोतहरू तथा अनुमानित आम्दानीको प्रमाणित विवरणलाई अनुसूची १ देखि ६ सम्ममा प्रस्तुत गरिएका छन् । प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, प्राध्यापक सङ्घ तथा विद्यार्थी प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बजेटलाई गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बजेट मस्यौदा उपसमिति २०७६**

१. संयोजक- चन्द्रमणि राई - क्याम्पस प्रमुख -

२. सदस्य - सुरेन्द्रबहादुर थापा - सञ्चालक समिति सदस्य -

३. सदस्य - ललितबहादुर श्रेष्ठ -सञ्चालक समिति सदस्य -

४. सदस्य - गणेशप्रसाद दहाल - विज्ञ -

५. सदस्य - ध्रुवप्रसाद नेपाल - प्राध्यापक सङ्घ प्रतिनिधि -

# तालिका १: आ.व. २०७६/०७७ को अनुमानित समष्टिगत आय विवरण

## सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

### आ.व. २०७६/०७७ को अनुमानित समष्टिगत आय विवरण

| सिनं | विवरण | २०७५।२०७६ को अनुमानित | २०७५।२०७६ को वास्तविक | २०७६।२०७७ को अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी शुल्क आम्दानी | ७८८३९३०० | ६,९७,०५,०६० | ९,५४,७३,३५० | ५१% |
| २ | विश्वविद्यालय अनुदान | १३१७८६४८ | ४९,८१,९२५ | १,८७,६०,५४० | १०% |
| ३ | अन्य अनुदान तथा आय | ३१९७६६०० | १,०३,२२,०१७.९८ | ३,८३,४०,००० | २१% |
| ४ | धरौटी आय | ७४८४६७५ | १,२५,८६,६३१ | ८८,३६,७९० | ५% |
| ५ | पेस्की तथा बैङ्क जिम्मेवारी सारेको | २५३६०५६१.६८ | २,०६,८६,८४५.०२ | २,५३,६०,७२४.१६ | १४% |
| | जम्मा | १५,६८,३९,७८४.६८ | ११,८२,८२,४७९ | १८,६७,७१,४०४.१६ | १००% |

माथि उल्लेख गरिएअनुसारको आ.व. २०७६/२०७७ को अनुमानित आय व्यय विवरण र त्यसको बजेटको व्याख्या निम्नानुसार गरिएको छ :

**क) आम्दानी तर्फको व्याख्या**

क्याम्पसको आम्दानीको मुख्य स्रोत विद्यार्थी शुल्क भए तापनि यसका अतिरिक्त धरौटी अम्दानी, विभिन्न शीर्षकमा प्राप्त अनुदान र अन्य आम्दानीसमेत स्रोतका रूपमा रहेका छन् ।

**१. विद्यार्थी शुल्क आम्दानी**

क्याम्पसको आय स्रोततर्फ विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्त भएको छ । यस शीर्षकबाट प्राप्त हुने आम्दानीअन्तर्गत प्रवेश शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क, क्याम्पस विकास आय, खेलकुद शुल्क, विविध शुल्क, आन्तरिक परीक्षा शुल्क, अभ्यास शिक्षण तथा प्राक्टिकम, शोधपत्र शुल्क, प्रयोगशाला शुल्क, कम्प्युटर शिक्षण शुल्क, त्रि. वि. तथा उ. मा. शि. प. परीक्षा विविध, त्रि. वि. तथा उ. मा. शि. प. दर्ता विविध, प्रवेश आवेदन फाराम शुल्क, प्रमाणपत्र तथा सिफारिस शुल्क, अन्य विविध आयलाई समावेश गरिएको छ । यी शीर्षकहरूबाट आ.व.२०७६/२०७७ मा रु.९,५४,७३,३५०।- प्राप्तहुने अनुमान गरिएको छ । यस शीर्षकबाट कुल आम्दानीको ५१% रहेको छ । समष्टिगत शुल्क विवरण शीर्षकगत रुपमा तालिका नं. २ मा प्रस्तुत गरिएको छ । तहगत र कक्षागत विद्यार्थी शुल्क आम्दानीको विवरणलाई अनुसूची २ पाना १ देखि ९ सम्ममा प्रस्तुत गरिएको छ ।

तालिका २ : आ व २०७६/२०७७ को समष्टिगत अनुमानित शुल्क आम्दानी

**सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ**

**२०७६/२०७७ को समष्टिगत विद्यार्थी शुल्क आम्दानी विवरण**

| क्र.सं. | बिवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ४७६१००० | ४१,४२,२०० | ४५,७८,००० |
| २ | शिक्षण शुल्क | ५४२३३६०० | ४,९१,५२,३३० | ७,०९,५३,२०० |
| ३ | पुस्तकालय शुल्क | १९३३००० | १६,६९,००० | १७,७२,५०० |
| ४ | क्याम्पस विकास (निर्माण) आय | १७४१२०० | १५,१६,६०० | १५,९९,३०० |
| ५ | खेलकुद शुल्क | ५८१२०० | ५,०३,८०० | ५,७३,२०० |
| ६ | विविध शुल्क | २०१०३०० | २२,७६,१७५ | १९,००,३५० |
| ७ | आन्तरिक परीक्षा शुल्क | २९९३६०० | २५,८५,५०० | २९,३७,६०० |
| ८ | अभ्यास शिक्षण /प्राक्टिकम् शुल्क | ७५०१०० | ६,९१,४७५ | ४,६९,००० |
| ९ | शोधपत्र | १०८५००० | ११,८९,९३५ | ९,१०,००० |
| १० | प्रयोगशाला शुल्क | १५८३००० | १२,९०,५०० | १४,४९,००० |
| ११ | प्रयोगात्मक शुल्क | १६५७५०० | १५,२४,५३५ | १७,१५,००० |
| १२ | त्रि.वि./उ.मा.शि.परीक्षा विविध | १६००६५० | ० | १८,६३,२५० |
| १३ | त्रि.वि./उ.मा.शि.नाम दर्ता विविध | २४४२०० | ० | २,६६,००० |
| १४ | प्रवेश आवेदन फाराम | ८७३६०० | १०,४४,११० | ११,६४,००० |
| १५ | प्रमाणपत्र/सिफारिस आदि | १२००००० | ११,३९,३०० | १२,००,००० |
| १६ | अनुसन्धान शुल्क | ९८००० | ९२,५०० | ० |
| १७ | उ मा शि प प्रयोगात्मक विविध | १३७९५० | ० | १,४५,९०० |
| १८ | सरस्वती पूजा सहयोग | १५६६०० | १,३६,००० | १,५३,७५० |
| १९ | विद्यार्थी कल्याण शुल्क | ८६७२०० | ७,५१,१०० | ९,४६,८०० |
| २० | अन्य विद्यार्थी आय<br>Non Credit course शुल्क र<br>उपचारात्मक कक्षा शुल्क | ० | ० | ५,००,००० |
| २१ | आइडि कार्ड शुल्क | ३३१६०० | २,९६,६०० | ३,७६,५०० |
| | जम्मा | ७८८३९३०० | ६९,७०५,०६० | ९,५४,७३,३५० |

प्रस्तुत तालिकाअनुसार गत वर्षकोभन्दा यस वर्ष विद्यार्थीबाट प्राप्तहुने आम्दानी वृद्धि हुने अनुमान गरिएको छ। यसरी अनुमानित आम्दानीमा वृद्धिहुने मुख्य कारणमा यस वर्ष बी.बी.ए. प्रथम सेमेष्टरमा दुई सेक्सन हुने, बी. बी. ए. तेस्रो सेमेष्टर सञ्चालन हुने, एम.बी.एस. प्रथम र दोस्रो सेमेष्टरमा विद्यार्थी सङ्ख्या बढ्ने, एम. एड. प्रथम सेमेष्टरमा विद्यार्थी सङ्ख्या वृद्धिहुने, एम.एड. वार्षिक प्रणालीको तुलनामा सेमेष्टर प्रणालीको वार्षिक शुल्क बढि भएको, +२ तहमा दुई सेक्सन थप भएको, एम. बी. एस. र एम. एड. चौथो सेमेष्टरमा पुगेको, +२ तह कक्षा ११

र स्नातक तहको प्रथम, द्वितीय, तृतीय र चौथो वर्षमा प्रति विद्यार्थी मासिक रु. १००/- का दरले मासिक शुल्कमा वृद्धि गरी कार्यान्वयन गरिएको, बी.बी.ए. दोस्रो सेमेष्टरका विद्यार्थीहरूले यस वर्ष परीक्षा फाराम भरेको, आइसीटी सातौं र आठौं समेष्टर सञ्चालन भएको र गत वर्षभन्दा यस वर्षमा पहिलो सेमेष्टरमा विद्यार्थी सङ्ख्या बढ्ने अनुमान गरिएको, गत वर्षमा भन्दा यस वर्ष कुल विद्यार्थी सङ्ख्या वृद्धिहुने अनुमान गरिएको र यस वृद्धिले प्रवेश शुल्क, पुस्तकालय शुल्क, खेलकुद शुल्क, क्याम्पस विकास शुल्क तथा विविध शुल्क समेत बढ्ने अवस्था रहेको देखिन्छ ।

**२. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय**

**(क) विश्वविद्यालय. अनुदान आयोगबाट प्राप्त हुने अनुमानित अनुदान**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान रु. १८,००,०००/-, तालिम तथा सेमिनार सहयोग रु. ३,००,०००/-, Tracer study report वापत रु. १०,००,०००/-, स्रोत परिचालन अन्तर्गत $DLI_2$ को आ. व. २०७५/२०७६ को ३४,९८,०००/-, $DLI_2$ को आ. व. २०७६/२०७७ को ६८,७२,५४०/-, कार्यसम्पादन, शैक्षिक कार्यक्रम परिमार्जन, Priority Program वापत र वेवसाइट अध्यावधिकरण वापत रु. २५,००,०००/- र उच्च शिक्षा परियोजना (HERP) वापतका विभिन्न कार्यक्रम वापत रु. २७,९०,०००/- गरी जम्मा रु. १,८७,६०,५४० प्राप्तहुने अनुमान गरिएको छ । यो रकम कुल आयको १० प्रतिसत रहेको छ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसङ्ख्या १ मा उल्लेख गरिएको छ ।

**(ख) अन्य क्षेत्रबाट प्राप्तहुने अनुमानित आय**

त्यसै गरी अन्य अनुदान तथा आयअन्तर्गत सुन्दरहरैंचा नगरपालिका, प्रदेश सरकार, निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष, र सुन्दरहरैंचा नगरपालिकाभित्रका सहकारीहरूबाट प्राप्तहुने, सामुदायिक वन उपभोक्ता समूह तथा दाताहरूबाट छात्रवृत्तिका लागि प्राप्तहुने अनुदान, दातृ निकाय तथा राजदुतावास मार्फत बस खरिदका लागि प्राप्तहुने अनुमान गरिएको रकम, अभ्यास शिक्षण पुस्तिका बिक्री, जर्नल बिक्री, क्यान्टिन भाडा, बैङ्क ब्याज, चन्दा सहयोग प्राप्तहुने अनुमानित रकम समावेश गरिएको छ । यसरी विश्वविद्यालय अनुदान आयोगबाहेक अन्य अनुदान तथा अन्य आयबाट यस वर्ष रु. ३,८३,४०,०००/- आम्दानी हुने अनुमान गरिएको छ । यो अनुमान कुल आम्दानीको २१% हुनेछ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या २ मा उल्लेख गरिएको छ ।

**(ग) अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने**

यस उप शीर्षक अन्तर्गत गत आ. व. २०७५/०७६ को बैङ्क मौज्दात रु. १,५५,६७,५७८/१६, पेश्की जिम्मेवारी रकम रु. ४४,०८,६९५/- र आ. व. २०७४/०७५ मा विश्वविद्यालय अनुदान आयोगको स्रोत

परिचालन $DLI_2$ अन्तर्गत काम सम्पन्न भईसकेको हुँदा प्राउनु पर्ने रकम रु. ५३,८४,४५१/- गरी जम्मा रु. २,५३,६०,७२४/१६ प्राप्तहुने अनुमान गरिएको छ । उक्त रकम कुल अनुमानित आम्दानीको १४% रहने छ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या ३ मा उल्लेख गरिएको छ ।

*तालिका ३ : आव २०७६/२०७७ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी*

**सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ**
**२०७६/०७७ को समष्टिगत अन्य आम्दानी विवरण**

| क्र.सं. | विवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | **वि. वि. अनुदान आयोग** | १३१७८६४८ | ४९८१९२५ | १,८७,६०,५४० |
| | क. नियमित अनुदान | १४६०००० | १७६६९२५ | १८,००,००० |
| | ख. तालिम सेमिनार | १५०००० | ० | ३,००,००० |
| | ख. कार्य सम्पादन अनुदान | २०००००० | २२००००० | २५,००,००० |
| | ग. स्रोत परिचालन अनुदान | ८२६८६४८ | ० | १,०७,७०,५४० |
| | घ. Graduate List र Tracer Report बाट | १३००००० | १०१५००० | १०,००,००० |
| | ङ. HERP कार्यक्रमबाट प्राप्त हुने | ० | ० | २३,९०,००० |
| २ | **अन्य अनुदान तथा आय** | ३१९७६६०० | १०३२२०१८ | ३,८३,४०,००० |
| | नगरपालिका | १७५०००० | ० | ३४,००,००० |
| | प्रदेश सरकारबाट | २१९००००० | ३५००००० | १,००,००,००० |
| | निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष | २०००००० | १८७७००० | २०,००,००० |
| | अन्य अनुदान | २२०००० | २६९८०५ | ३,००,००० |
| | सहकारी संस्थाबाट सभाहल निर्माणार्थ | १६००००० | ० | १४,००,००० |
| | छात्रवृत्तिका लागि दाताबाट/सामुदायिक बन | ३००००० | २२१००० | ६,००,००० |
| | दातृ निकाय बाट( बस खरिदका लागि) दुतावास | ० | ० | १,५०,००,००० |
| | अभ्यास शिक्षण पुस्तिका बिक्री आय | ६०००० | ० | ६०,००० |
| | क्यान्टिन भाडा | ६०००० | २४५०० | ६०,००० |
| | सामग्रि बिक्री आय | २०००० | ० | २०,००० |
| | जर्नल बिक्री आय | ० | ० | १,००,००० |
| | बैङ्क ब्याज आय(अक्षयकोष ब्याज समेत) | २७००००० | ३३१३३३१.९८ | ४४,००,००० |
| | चन्दा सहयोग/ अनुदान | १०००००० | ६९७१११ | ५,००,००० |
| | अन्य आय (ल्यापटप) | ३६६६०० | ४१९२७० | ५,००,००० |
| ३ | **अघिल्लो वर्षको जिम्मेवारी सारेको** | २५३६०५६१.६८ | २०६८६८४५.०२ | २,५३,६०,७२४.१६ |
| | क. बैङ्क जिम्मेवारी | २३८१४८२६.७ | १६२७८१५०.०२ | १,५५,६७,५७८.१६ |
| | ख. पेस्की जिम्मेवारी | १५४५७३५ | ४४०८६९५ | ४४,०८,६९५ |
| | ग. पाउनुपर्ने विवि अनुदान आयोग | | | ५३,८४,४५१ |
| | **कुल जम्मा** | ७,०५,१५,८०९.६८ | ३,५९,९०,७८८.०० | ८,२४,६१,२६४.१६ |

३. धरौटी आय

यस शीर्षक अन्तर्गत तोकिएका कार्यहरू गर्नका लागि विद्यार्थीहरूबाट क्याम्पसले धरौटीप्राप्त गर्ने शीर्षकहरू जस्तै : त्रि.वि./उ.मा.शि प..दर्ता तथा परीक्षा, प्रयोगशाला तथा पुस्तकालय धरौटी, त्रिवि सम्बन्धन, स्ववियु धरौटी र सेक्युरिटी डिपोजिट वापतको आम्दानी समावेश गरिएको छ । यस शीर्षक वापत प्राप्तहुने आम्दानी वास्तविक रुपमा क्याम्पसको आम्दानी होइन । यस शीर्षक वापत प्राप्तहुने आम्दानी सम्बन्धित निकायमा भुक्तानि गरिन्छ । यस शीर्षक अन्तर्गत यस वर्ष रु. ८८,३६,७९०- रकम प्राप्त हुने अनुमान गरिएको छ जुन कुल आम्दनी रकमको ५% हुनेछ । यस शीर्षकको आम्दानी विवरण तालिका नं.४ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४ : आ व २०७६/२०७७ को अनुमानित धरौटी आम्दानी*

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. २०७६।२०७७ को धरौटी तथा दायित्व तर्फको आम्दानी

| सि.नं. | विवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | त्रि.वि./उ.मा.शि.प.दर्ता | ४८८४०० | ४३०६७० | ५,९८,६०० |
| २ | त्रि.वि./उ.मा.शि.प.परीक्षा | ४३३५२५० | ६०१९०९३ | ५०,०८,७१५ |
| ३ | पुस्तकालय धरौटी | ८९८००० | ११५६७०० | ९,५१,५०० |
| ४ | प्रयोगशाला धरौटी | १७७००० | १४२५०० | १,५४,००० |
| ५ | स्वतन्त्र विद्यार्थी युनियन | ३१३२०० | २७२३०० | ३,०७,५०० |
| ६ | अन्य विद्यार्थी धरौटी | १०६६७०० | ९९१२८० | १०,३९,४०० |
| ८ | त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा | २०६१२५ | | १,७७,०७५ |
| | जम्मा | ७४८४६७५ | ९०१२५४३ | ८२,३६,७९० |
| ९ | सेक्युरिटी डिपोजिट | ० | ४७२१२३.० | ६,००,००० |
| १० | आय तथा अन्य कर | ० | १९०१८६५.० | ० |
| ११ | दिनुपर्ने तलब भत्ता | ० | ३९०००.० | ० |
| १२ | निर्माण/खरिद सम्बन्धी दायित्व | ० | ७०९४४५.० | ० |
| १३ | अभ्यास शिक्षण/परीक्षा धरौटी | ० | ९०१३.० | ० |
| १४ | बचत बृद्धि/ प्राध्यापक कोष | ० | ४४२६४२.० | ० |
| | जम्मा | ० | ३५७४०८८ | ६,००,००० |
| | कुल जम्मा | ७४८४६७५ | १२,५८,६६३१ | ८८,३६,७९० |

ख) खर्चको प्रस्तुति तथा खर्चको व्याख्या

## तालिका ५ :आ.व. २०७६।०७७ को अनुमानित समष्टिगत खर्च विवरण

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

**आ.व. ०७६।०७७ को अनुमानित समष्टिगत व्यय विवरण**

| सि.नं. | विवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च | ३९५३०००० | १,५२,३२,७७७ | ५,२०,५०,००० | २८% |
| २ | क्याम्पस कोष | २६६०५००० | २,८२,३२,७७७ | ४,१२,५०,००० | २२% |
| ३ | सञ्चालन खर्च | ७७५९६०९५.६८ | ६,५१,०५,८३७ | ८,०७,४७,२३४.१६ | ४३% |
| ४ | धरौटी तथा दायित्व | १३१०८६८९ | ९७,११,०८८ | १,२७,२४,१७० | ७% |
| | जम्मा | १५,६८,३९,७८४.६८ | ११,८२,८२,४७९ | १८,६७,७१,४०४.१६ | १००% |

माथि प्रस्तुत गरिको आम्दानीका शीर्षकहरूबाट प्राप्त हुने रकमलाई क्याम्पसको पुँजीगत विकास र विस्तार अन्तर्गत भवन निर्माण, यातायातका साधन खरिद, फर्निचर खरिद, निर्माण र व्यवस्थापन, पुस्तक, कार्यालय उपकरण, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्था, पानी तथा विद्युत र पुस्तकालय स्तरिकरण, अन्य निर्माण, विविध सम्पत्ति खरिद तथा क्याम्पस कोष वृद्धिका लागि रकम विनियोजन गरिएको छ । त्यसैगरी क्याम्पसको सालबसाली हुने सञ्चालन खर्च अन्तर्गत प्राध्यापक तथा कर्मचारीको तलब भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, वृत्ति विकास, क्याम्पस बसको व्यवस्थापन, तालिम, सेमिनार तथा गोष्ठी, क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण, अनुसन्धान क्षमताको विकास, प्रकासन, विज्ञापन तथा प्रचारप्रसार र दैनिक साधारण खर्चका लागि रकम विनियोजन गरिएको छ । यसका अतिरिक्त धरौटी तथा दायित्वको खर्च समावेश गरिएको छ । यि सबै शीर्षकहरूका लागि जम्मा खर्च रु. १८,६७,७१,४०४/१६ रकम विनियोजन गरिएको छ ।

### १) पुंजीगत खर्च तथा कोष व्यवस्थापन

#### (क) पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास तथा विस्तार, कार्यालय उपकरण, फर्निचर, शैक्षिक उपकरण, पुस्तक खरिद तथा अन्य विविध सम्पत्तिमा गरिने खर्चका रकमहरू विनियोजन गरिएको छ । पुँजीगत खर्च अन्तर्गतका उप शीर्षक र विनियोजित रकम तालिका नं. ६ को क्रमसङ्ख्या १ मा प्रस्तुत गरी तल व्याख्या गरिएको छ ।

## तालिका ६ : आ व २०७६/२०७७ को अनुमानित पुंजी तथा कोष व्यवस्थापन

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. २०७६/०७७ पुँजीगत खर्च तथा कोषको विवरण

| सि.नं. | बिवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | **पूँजीगत खर्च** | ३९५३०००० | १५२३२७७७ | ५,२०,५०,००० |
| | जग्गा खरिद | ० | ० | ० |
| | भवन निर्माण | २८७००००० | ८१८९२५० | २,२३,००,००० |
| | छात्रावासको DPR तयारी | ० | ० | १,००,००० |
| | सवारी साधन | ० | ० | १,५०,००,००० |
| | फर्निचर | २९००००० | १०४०४६६ | ३०,००,००० |
| | कार्यालय उपकरण | १५००००० | ७४५७०९ | २५,५०,००० |
| | पुस्तक | १०००००० | ८४१२८८ | १०,००,००० |
| | पुस्तकालय स्तरीकरण | ० | ० | ५,००,००० |
| | Research Management Cell | ३००००० | ० | ५,००,००० |
| | वैज्ञानिक तथा शैक्षिक उपकरण | ३४८०००० | ३६८७०३७ | २५,००,००० |
| | पानी तथा विद्युत व्यवस्था | २५०००० | १३४७२४ | २२,००,००० |
| | अन्य निर्माण | १३००००० | ३०६४०० | २१,००,००० |
| | विविध सम्पत्ति | १००००० | २८७९०३ | ३,००,००० |
| २ | **क्याम्पस कोष** | २६६०५००० | २८२३२७७७ | ४,१२,५०,००० |
| | छात्रवृत्ति कोष | १०००००० | | २०,००,००० |
| | सामान्य जगेडा कोष | ५०००००० | १०००००००० | २,००,००,००० |
| | उपदान कोष | ३०००००० | | ५०,००,००० |
| | ह्रासकट्टी कोष | ६०००००० | | ६७,५०,००० |
| | दाताहरूबाट प्राप्त कोष | ५२२५००० | ३०००००० | ० |
| | पूँजीगत सम्पत्ति कोष | ३३८०००० | १५२३२७७७ | १५,००,००० |
| | धरौटी खाता | ३०००००० | | ६०,००,००० |
| | **कुल जम्मा** | ६६१३५००० | ४३४६५५५४ | ९,३३,००,००० |

**१.१) भवन निर्माण ................................ (जम्मा रु.२,२३,००,०००/-)**

भवन निर्माणका लागि प्रदेश सरकारबाट प्राप्तहुने अपेक्षा गरिएको र क्याम्पसको आन्तरिक स्रोत समेत परिचालन गरी क्याम्पस परिसरभित्र प्राथमिक उपचार कक्ष सहीतको अतिथि गृह निमार्ण गर्न रु.१,१०,००,०००/-, क्याम्पस स्रोत र विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट विज्ञान भवनको माथिल्लो (तेस्रो)

तलामा निमार्ण (ट्रष्ट, टिना, गारो, झ्याल ढोका, ग्रल समेत) गर्न रु. ६०,००,०००/- र निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट सोही तलाको सिलिङ र टायल्सको काम सम्पन्न गर्न रु. २०,००,०००/- रकम विनियोजन गरिएको छ ।

यसका साथै शिक्षण भवनको माथिल्लो तलामा बी. बी. ए. काक्षाकोठा निर्माण तथा व्यवस्थापन गर्न सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्तहुने अनुदान मध्ये रु. १८,००,०००/- रकम विनियोजन गरिएको छ । क्याम्पस स्रोतको परिचालन गरी प्रशासनिक भवनको तेस्रो तलामा निर्मित सभा कक्ष र शिक्षण भवनको माथिल्लो तलामा रङरोगन गर्न रु.१५,००,०००/- रकम विनियोजन गरिएको छ । यसरी भवन निर्माण शीर्षकमा जम्मा रु.२,२३,००,०००/- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको १२% रहेको छ ।

**१.२) सवारी साधन .................................... (जम्मा रु.१,५०,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पस विद्यार्थीहरूलाई यातायात सुविधा उपलब्ध गराउने उद्देश्यका लागि सङ्घीय सरकार मार्फत वा अन्य दातृ निकाय मार्फत छिमेकी मित्रराष्ट्रका राजदुतावासमा प्रस्तावना पेशगरी प्राप्तहुने अनुदानबाट बस खरिद गर्न रु. १,५०,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.३) फर्निचर ..........................................(जम्मा रु.३०,००,०००/-)**

यस शीर्षकअन्तर्गत बी. बी. ए. कक्षा, सेमिनार कक्ष र कार्यालय तथा विभागहरूमा फर्निचर व्यवस्थापन गर्नका लागि सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्तहुने कुल अनुदान रकम मध्येबाट बाँकी रहेको रु. १६,००,०००/- र क्याम्पस स्रोतबाट रु. १४,००,०००/- गरी जम्मा रु. ३०,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.४) कार्यालय उपकरण ...............................(जम्मा रु.२५,५०,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट थप सि.सि.टि.भि क्यामेरा जडान तथा व्यवस्थापनका लागि रु. १,०५,०००/-, डेस्कटप कम्प्युटर खरिदका लागि रु. ४,८०,०००/-, DSLR क्यामेरा खरिदका लागि रु. १,००,०००/-, बी. बी. ए. कक्षामा AC मेसिन खरिद र व्यवस्थापनका लागि रु. ५,००,०००/-, क्याम्पस स्रोतबाट मल्टिमेडिया प्रोजेक्टर खरिद तथा व्यवस्थापनका लागि रु. ६,१५,०००/- तथा सेमिनार कक्षका लागि आवस्यक पर्ने AC मेसिन खरिद र व्यवस्थापनका लागि रु. ७,५०,०००/- गरी जम्मा रु. २५,५०,०००/- रकम विनियोजन गरिएको छ ।

**१.५) पुस्तकालय, पुस्तक र RMC व्यवस्थापन ..........(जम्मा रु.२०,००,०००/-)**

यस शीर्षकअन्तर्गत पुस्तक खरिदका लागि विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदान तर्फबाट रु. ५,००,०००/- र क्याम्पस स्रोतबाट रु. ५,००,०००/- गरी जम्मा रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ । यसका साथै क्याम्पस स्रोतबाट पुस्तकालय तथा अनुसन्धान व्यवस्थापन एकाइ (RMC) को क्षमता स्तरीकरण र तिनीहरूको प्रभावकारिताका लागि रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ ।

यसरी पुस्तक खरिद, पुस्तकालय स्तरीकरण र RMC व्यवस्थापनका लागि रु. २०,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.६) वैज्ञानिक तथा शैक्षिक उपकरण ....................(जम्मा रु.२५,००,०००/-)**

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट विज्ञान प्रयोगशालाका सामाग्री खरिदका लागि रु. १०,००,०००/-, प्राध्यापक तथा कर्मचारीहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी कार्यक्षमता अभिवृद्धि गर्न ल्यापटप खरिद गर्ने कार्यका लागि रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ । यसका साथै क्याम्पस स्रोतबाट इ-लाइब्रेरी व्यवस्थापन तथा जेष्टर लगायतका इ-जर्नल खरिद र त्यसका लागि आवश्यक पर्ने अन्य उपकरणका लागि रु.५,००,०००/- रकम विनियोजन गरिएको छ । यसरी वैज्ञानिक तथा शैक्षिक उपकरणका लागि जम्मा रु. २५,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.७) पानी तथा विद्युत व्यवस्था ........................(जम्मा रु.२२,००,०००/-)**

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगका स्रोत परिचालनबाट जेनेरेटर खरिदका लागि रु.९,००,०००/-, इन्भर्टर खरिदका लागि रु.३,००,०००/- र क्याम्पस स्रोतबाट विद्युत वेरिङका लागि रु.५,००,०००/- तथा विद्युत ट्रान्सफरमरका लागि रु.५,००,०००/- गरी जम्मा रु.२२,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.८) अन्य निर्माण ....................................(जम्मा रु.२१,००,०००/-)**

यस शीर्षक अन्तर्गत क्याम्पस स्रोतको परिचालन गरी कार्यालय व्यवस्थापनमा रु.७,००,०००/-, खेल मैदान व्यवस्थापनमा रु.४,००,०००/-, मोटरसाइक स्टैण्डका लागि रु.५,००,०००/- र अन्य निर्माणका लागि रु.५,००,०००/- गरी जम्मा रु.२१,००,०००/- रकम विनियोजन गरिएको छ ।

**१.९) विविध सम्पत्ति निर्माण ............................(जम्मा रु.४,००,०००/-)**

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालनबाट घाँसकट्ने मेसिन खरिदका लागि रु.१,५०,०००/-, क्याम्पस स्रोतबाट छात्रावासको विस्तृत परियोजना निर्माण तथा सम्भाव्यता खोजीका लागि रु.१,००,०००/- र अन्य विविध सम्पत्ति निर्माणका लागि रु.१,५०,०००/- गरी रु.४,००,०००/- विनियोजन गरिएको छ ।

यसरी पुँजीगत खर्च तर्फ कुल बजेटको २८% रकम विनियोजन गरिएको छ ।

**ख) क्याम्पसकोष........................................... (जम्मा रु.४,१२,५०,०००/-)**

यस शीर्षकको विवरण माथि तालिका ६ खण्ड (२) मा उल्लेख गरिएको छ जसअन्तर्गत छात्रवृत्ति कोष, सामान्य जगेडाकोष, उपादान कोष र ह्रासकट्टी कोष, पुँजीगत सम्पत्ति कोष र धरौटी कोष स्थापना गर्न यस

वर्षदेखि धरौटी खातासमेत खोल्ने गरी सवैखाले कोषमा रु.४१२,५०,०००/- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको २२% प्रतिसत रहेको छ ।

### ग) धरौटी खर्च तथा भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षकअन्तर्गत त्रि.वि., उ.मा.शि.प. दर्ता, परीक्षा, पुस्तकालय तथा प्रयोगशाला धरौटी, स्ववियु, त्रि.वि. सम्बन्धन र विद्यार्थी कल्याण र त्रिवि/राष्ट्रिय परीक्ष बोर्ड प्रयोगात्मक परीक्षा धरौटी सहित जम्मा धरौटी रु. ८२,३६,७९०/- र विभिन्न क्षेत्रका लागि भुक्तानी गनुपर्ने दायित्व रु. **३५,५४,५४१/-** गरी जम्मा धरौटी तथा दायित्व रु.**१,२७,२४,१७०**/- रकम खर्चहुने अनुमान गरिएको छ । यसको सम्पूर्ण विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७ : आ व २०७६/२०७७ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व*

**आ.व. २०७६।०७७ को अनुमानित धरौटी तथा दायित्व तर्फको खर्च**

| सि.नं. | विवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | त्रि.वि./उ.मा.शि.प.दर्ता | ४८८४०० | ५२९१०० | ५,९८,६०० |
| २ | त्रि.वि./उ.मा.शि.प.परीक्षा | ४३३५२५० | ४४७७०३१ | ५०,०८,७१५ |
| ३ | पुस्तकालय धरौटी | ५००००० | ४०४४२५ | ९,५१,५०० |
| ४ | प्रयोगशाला धरौटी | १००००० | ७३५०० | १,५४,००० |
| ५ | स्वतन्त्र विद्यार्थी युनियन | ४१३१०० | ६०७१८० | ३,०७,५०० |
| ६ | अन्य विद्यार्थी धरौटी सम्बन्धन | २८९०००० | २०२३१५० | १०,३९,४०० |
| ७ | त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा | २०६१२५ | ० | १,७७,०७५ |
| | **जम्मा** | ८९३२८७५ | ८११४३८६ | ८२,३६,७९० |
| | **भुक्तानी गर्नुपर्ने** | | | |
| ९ | उ.मा.शि.परीक्षा सञ्चालन | २२०००० | | ० |
| १० | दिनुपर्ने तलबभत्ता | ०.०० | | ३९,००० |
| ११ | भुक्तानी गर्नुपर्ने घरबिदा/ बिरामी बिदा | १०५३००१.०० | १०३२०३१.०० | ८,४३,८३९ |
| १२ | ले.प.शुल्क | ४६००० | ४६००० | ५०,००० |
| १३ | सेक्युरिटी डिपोजिट | ६४९२५.०० | २४०५७३.०० | ८,३१,५५० |
| १४ | आय तथा अन्य कर | ११२४४९९.०० | | १८,६४,८५६ |
| १५ | निर्माण/खरिद सम्बन्धी दायित्व | ०.०० | | ४,२१,७२६ |
| १६ | प्राध्यापक कर्मचारी कल्याणकोष | ३८८००.०० | | ० |
| १७ | अभ्यास शिक्षण/परीक्षा धरौटी | २४७८९८.०० | | ९,०१३ |
| १८ | अन्य दायित्व | १११७८८९.०० | | ० |
| १९ | बचत बुद्धिकोष र प्राध्यापक कोष | २६२८०२.०० | २७८०९८.०० | ४,२७,३९६ |
| | **जम्मा** | २८५६८१३.०० | ५,१८,६७१ | ३५,५४,५४१ |
| | **कुल जम्मा** | १३१०८६८९.०० | ९७,११,०८८ | १,२७,२४,१७० |

ग) सञ्चालन खर्च

यस शीर्षकअन्तर्गत मुख्यगरी शिक्षण तलब, प्रशासनिक तलब, कार्यालय सञ्चालन खर्च, छात्रवृत्ति तथा विद्यार्थी कल्याण खर्च, शैक्षिक सामग्री, अभ्यास शिक्षण, खेलकुद, अनुसन्धान, उत्सव समारोह, वृत्ति विकास, अवलोकन भ्रमण, तालिम गोष्ठी, प्रकाशन खर्च र उपादान खर्चहरू समावेश गरिएको छ । यस शीर्षकमा हुने खर्चलाई तालिका नं. ८ को क्रमसङ्ख्या १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ ।

*तालिका ८ : आ.व. २०७६।२०७७ को अनुमानित सञ्चालन खर्च*

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ
आ.व. २०७६।२०७७ को अनुमानित सञ्चालन खर्चको विवरण

| सि.नं. | बिवरण | आ.व. २०७५।२०७६ को अनुमानित | आ.व. २०७५।२०७६ को वास्तविक | आ.व. २०७६।२०७७ को अनुमानित |
|---|---|---|---|---|
| १ | **तलव शिक्षण** | ४३६६८५९० | ४३१४७११७ | ५,०८,४६,९११ |
| | तलव,ग्रेड, मंहगी भत्ता र संचयकोष थप | ४२४८३५९० | ४१९९०६७७ | ४९३५१७११ |
| | घर बिदा/ बिरामी बिदा | ७००००० | ६६४४४० | ९००००० |
| | भत्ता प्रशासनिक | ४८५००० | ४९२००० | ५९५२०० |
| २ | **तलव प्रशासन** | ७१७३६४०.०० | ६५५५७५०.०० | ८७,३०,७५१ |
| | कर्मचारीतलव,ग्रेड,मंहगी भत्ता संचयकोष थप | ७१७३६४० | ६१,१७,६५३ | ८११८७५१ |
| | घरबिदा / बिरामी बिदा | | ४२८१९७ | ६००००० |
| | भत्ता प्रशासनिक | | ९९०० | १२००० |
| ३ | **कार्यालय सञ्चालन खर्च** | ५९५६००० | ४५१३९९५ | ७२,९६,००० |
| | परीक्षा संचालन | २०००००० | १९३९५२४ | २२,००,००० |
| | Non credit course and Remedial Class | ० | ० | ८,००,००० |
| | फूलबारी तथा सजावट | ० | ० | ३,००,००० |
| | विद्युत तथा पानी | २५०००० | १३३३६१ | २,५०,००० |
| | संचार | ३००००० | ९९९३९ | ३,००,००० |
| | मर्मत संभार | १०००००० | ५८५२३० | ८,००,००० |
| | औषधि उपचार | २५००० | ३०८० | २५,००० |
| | यातायात खर्च | ७००००० | ४२०६०० | ७,००,००० |
| | इन्धन | १५०००० | ५८५८१ | १,५०,००० |
| | विज्ञापन तथा प्रचार/डकुमेन्ट्री | ७००००० | ५७९०८८ | ७,००,००० |
| | बैङ्क चार्ज /व्याज भुक्तानी | १००० | | १,००० |
| | आर्थिक सहायता चन्दा/निर्माण | ३००००० | १११००० | २,००,००० |

| | | | |
|---|---|---|---|
| सहयोग | | | |
| बैठक वापत यातायात खर्च | १५०००० | २३०३०० | ३,००,००० |
| पोशाक खर्च | ८०००० | ११२५०० | १,२०,००० |
| सामाजिक सेवा कार्यक्रम | ० | ० | १,००,००० |
| मसलन्द | ३००००० | २४०७९२ | ३,५०,००० |
| पत्रपत्रिका | ५०००० | २७९५० | ५०,००० |
| भ्रमण खर्च | ५००००० | ४६९४८० | ५,००,००० |
| थप शै. का. तयारी/प्रस्तावना र SSR खर्च | ० | २६०००० | ६,००,००० |
| उत्सव तथा समारोह/विज्ञान प्रदर्शनी | १००००० | १६०४४० | २,५०,००० |
| अतिथि सत्कार | ३००००० | २६४२६९ | ३,००,००० |
| ओभरटाइम खर्च (कर्मचारी र शिक्षक) | १००००० | ८९९८९ | १,००,००० |
| कार्यालय बिविध खर्च | १५१४०९.६८ | १३३४९४ | १,७७,५७२.१६ |
| छपाई | ३००००० | २३१२१० | ३,००,००० |
| विद्यार्थी कल्याण खर्च | २०००००० | १२२३१९० | १७,००,००० |
| अक्षयकोषबाट विश्वविद्यालयकोषबाट सङ्घ संस्था/दाताहरूबाट क्याम्पसकोषबाट | १३००००० | १२०७७०० | १५,००,००० |
| शैक्षिक सामाग्री खर्च | ५००००० | ३६९५३७ | ५,००,००० |
| अभ्यास शिक्षण | ७००००० | ४९४९३० | ६,००,००० |
| शोधकार्य | ६००००० | ८२६५८० | ६,००,००० |
| स्व वि यु निर्वाचन | ४००००० | ०.०० | ४,००,००० |
| टाइवेल्ट तथा विद्यार्थी पोशाक/परिचयपत्र | २००००० | ८८४५० | २,००,००० |
| खेलकुद | ६००००० | ४०७००९ | ६,००,००० |
| परिषद खर्च | ५००००० | २४१८४५ | ३,००,००० |
| अवलोकन भ्रमण | ५००००० | १३७८८२ | ५,००,००० |
| वृत्ति विकास (एम फिल र पिएच डी) | १५००००० | ४०६२४४ | १२,००,००० |
| लेखा परीक्षण शुल्क | ५०००० | ५००००.०० | ६०,००० |
| पुरस्कार | १३०००० | १४२८५.०० | १,५०,००० |
| उपदान खर्च | २७०६४५६ | २७०६४५६ | ० |
| सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन | ५०००० | | ५०,००० |
| सफ्टवेयरमा डाटा इन्ट्री/ नविकरण | ७०००० | | ५६,००० |

| | | | | |
|---|---|---|---|---|
| | मासिक शुल्क छुट (क्याम्पस प्रमुख) | ० | ७१२१२५.०० | १,००,००० |
| | ह्रासकट्टि खर्च | ५२००००० | | ० |
| | क्याम्पस नवीकरण शुल्क | २००००० | १२००००.०० | २,००,००० |
| | क) अनुसन्धान खर्च | ७००००० | | ८,५०,००० |
| | ख) तालिम सेमिनार, गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल, रणनीतिक योजना तर्जुमा | ५००००० | १८३९१०.०० | ७,००,००० |
| ४ | **प्रकाशन खर्च** | ८९०००० | ६२००० | १३,३०,००० |
| | अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, परिषद् प्रतिवेदन,सुकुना सन्देश, स्मारिका | ६८०००० | ६२०००.०० | ८,००,००० |
| | जर्नल | | | |
| | क) अनुसन्धान व्यवस्थापन एकाइ | १५०००० | | ३,००,००० |
| | ख) नेपाली बिभाग/व्यवस्थापन | ३०००० | | २,००,००० |
| | अन्य (सुकुना सौरभ) | ३०००० | | ३०,००० |
| | **कुल जम्मा** | ७७५९६०९५.६८ | ६,५१,०५,८३७ | ८,०७,४७,२३४.१६ |

**१) शिक्षण तलब तथा तलब प्रशासन**

शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकको पारिश्रमिक/तलब/भत्ता, पूर्णकालीन प्राध्यापकहरूको बिरामी बिदा तथा क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूको घरबिदा, प्रशासनिक भत्ता, महङ्गी भत्ता, सञ्चयकोष र ग्रेडखर्च आदिमा लाग्ने खर्च समावेश गरिएको छ। त्यसैगरी तलब प्रशासनअन्तर्गत सबै पूर्णकालीन कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चय कोष, घर विदा तथा बिरामी विदा, मङ्गी भत्ता, पोसाक खर्च, सिफ्टअन्तर भई कार्य गर्ने कर्मचारीको पारिश्रमिक, सुरक्षा गार्डको तलब, ज्यालादार मेतहरको पारिश्रमिक र फूलबारी गोडमेलको पारिश्रमिक भुक्तानि गर्नका लागि लाग्ने खर्च रकम विनियोजन गरिएको छ। यस शीर्षकको रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्बन गरिएको छ।

**क) शिक्षण तलव**

१.१) शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकहरू तथा पूर्णकालीन प्राध्यापकको अतिरिक्त कक्षा, सबै तहका सेमेष्टर कार्यक्रम तर्फ कार्यरत प्राध्यापकले साविकमा खाइपाइ आएको आधारभूत तलव (शुरु तलव स्केल) को २०७६ श्रावण १ गते देखि लागुहुने गरी १८ (अठार)

प्रतिसतले तलवमान वृद्धि गरिएको छ । यसो गर्दा शिक्षण तलव तर्फ खर्चहुने जम्मा रु. ५,०८,४६,९११/- रकम विनियोजन गरिएको छ ।

१.२) विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न समयमा दिएको सुझाव, प्राज्ञिक उन्नयन, वृत्ति विकास, देशका विभिन्न क्षेत्रका QAA प्राप्त क्याम्पसहरूले गरेको व्यवस्था समेतका आधारमा क्याम्पस नियमावली २०५४ को तेस्रो संशोधन २०७४, शिक्षक सेवा आयोग विनियम २०७२ लाई आधार मानी क्याम्पस सञ्चालक समिति र शिक्षक सेवा आयोगले नीति, मापदण्ड र कार्यविधि तयारगरी लागु गर्नेगरी देहायअनुसारको व्यवस्था गरिएको छ ।

i) उपप्राध्यापकबाट सहप्राध्यापकमा बढुवा गरिने ८ जना ।

ii) शिक्षण सहायकबाट उपप्राध्यापकमा स्थायी गरिने ५ जना ।

iii) करारमा कार्यरत शिक्षण सहायकलाई निर्धारित कार्यभार (पिरियड) पुगेको अवस्थामा पूर्णकालिन अस्थायी गरिने ६ जना । जस अन्तर्गत बी.एस्सी. कक्षाको कार्यभारलाई आधार मानी विज्ञान तर्फ ३ जना, आई.सि.टि. कक्षाको कार्यभारलाई आधार मानी १ जना, स्नातक तह व्यवस्थापनका कक्षाको कार्यभारलाई आधार मानी १ जना र स्नातक तहको व्यवस्थापन तथा शिक्षशास्त्र सङ्काय तर्फको अर्थशास्त्रको कार्यभारलाई आधार मानी १ जना ।

iv) यसो गर्दा कुनै एकसत्रमा निर्धारित कार्यभार नपुगेमा अर्कोसत्रको कार्यभारलाई समेत समावेश गरी कार्यभार गणना गरिएको छ ।

v) कम्तिमा अंशकालीन रुपमा एक शैक्षिक सत्र अध्यापन गरी अविछिन्न सेवारत अंशकालीन प्राध्यापकहरूलाई मासिक रुपमा १२ (बाह्र) महिनासम्मको तोकिएको पारिश्रमिक भुक्तानी गरिने छ ।

vi) दुई घण्टीसम्म कोर्स करारमा कार्यरत प्राध्यापकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नुपरेमा अतिरिक्त कक्षाका लागि १.२ (v) अनुसारको पारिश्रमिक भुक्तानी गरिने छ ।

vii) अंशकालीन पिरियड बेसिस प्राध्यापकहरूका लागि प्रति १०० पूर्णाङ्क प्रतिघण्टीका लागि रु. ३४०/- का दरले पारिश्रमिक रकम भुक्तानी गरिने छ ।

viii) पूर्णकालीन प्राध्यापकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गरेमा साविकको पारिश्रमिकमा १८ प्रतिसतले वृद्धिगरी भुक्तानी दिइने छ ।

ix) व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन प्राध्यापकहरूको कार्यभार गणना गर्दा सोहीसत्रको एम.बि.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ०.७५ घण्टी (साप्ताहिक ४.५ घण्टी) मानिने छ तर तोकिएको कार्यभार अन्यत्र नै पूरा भई उक्त कक्षा अध्यापन गरेमा सेमेष्टर प्रणालीमा अध्यापन गर्ने अन्य शिक्षक सरह पारिश्रमिक हुनेछ ।

x) एउटै सत्रमा तोकीएको कार्यभार पूरा गरेका पूर्णकालीन प्राध्यापकहरूले वा बिहानी सत्रका दुई विषयसम्मका लागि कोर्स करारमा नियुक्त प्राध्यापकहरूले सिफ्टअन्तर हुनेगरी प्राध्यापन गरेमा + २ तहका लागि प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति महिना रु.५,९००।- र स्नातक तहका लागि प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति महिना रु. ६,३७५।- का दरले बाह्र (१२) महिनाको पारिश्रमिक भुक्तानी दिइनेछ ।

xi) बेलुकी सत्रका सहायक क्याम्पस प्रमुखको सोही सत्रको कार्यभार ६ (छ) क्रेडिट आवर हुनेछ र निजले अन्यसत्रमा अध्यापन गरेमा १.२ (x) अनुसारको पारिश्रमिक भुक्तानी दिइने छ ।

xii) पूर्णकालीन प्राध्यापकहरूको एउटैसत्रमा तोकिएको कार्यभार नपुगभएमा सिफ्टअन्तरमा गई कार्यभार पूरा गराइने छ ।

xiii) पूर्णकालीन स्थायी वा अस्थायी प्राध्यापकले तोकिएको कार्यभार पूरागर्न असमर्थ भएमा वा मञ्जुर नगरेमा वा तयार नभएमा वा कार्यभार पुऱ्याउन नसकिएमा त्यस्ता प्राध्यापकहरूका लागि खाइपाई आएको मासिक तलवभत्तामानलाई तोकिएको पूर्ण कक्षाभार सङ्ख्याले भागगर्दा प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तानी दिइने छ ।

xiv) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, कार्यक्रम निर्देशक, विभागिय प्रमुख/विषय शिक्षण समितिका प्रमुख QAA फोकल पर्सन र आ.सि.टि. फोकल पर्सनको प्रशासनिक भत्ता साविकअनुसार हुनेछ ।

xv) दुई घण्टीका लागि कोर्स करारमा नियुक्त भएका प्राध्यापकहरूलाई अतिरिक्त कक्षा दिँदा त्यस्ता प्राध्यापकको कार्यसम्पादन मूल्याङ्कन, क्याम्पसको आश्यकता तथा औचित्य, सम्बन्धित प्राध्यापकले क्याम्पसलाई उपलब्ध गराउने समय, विषयविज्ञता र शिक्षणको प्रभावकारिताका आधारमा थप कक्षाभार दिन सकिने छ ।

xvi) माथिको बुँदा नं. १.१ वा १.२ को क्रमसङ्ख्या (i) देखि (xv) सम्ममा जुसुकै व्यवस्था गरिएको भएता पनि वा जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै पनि शिक्षक वा प्राध्यापकहरूलाई एउटै सिफ्टमा चार (४) घण्टीभन्दा बढी वा ४०० पूर्णाङ्कभन्दा बढी कार्यभार दिइने छैन । तर कारणवस तत्काल अर्को जनशक्तिको व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को थप जनशक्तिको अभाव भएमा वहालमा रहेका विषय मिल्ने जुनसुकै प्रकृतिका शिक्षक वा प्राध्यापकलाई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि प्रति १०० पूर्णाङ्क प्रति पाँचौं विषयको लागि शिक्षण गरेको भएमा प्रति घण्टी रु.३४०।-का दरले पिरियड बेसिसमा पारिश्रमिक भुक्तान गरिने छ ।

xvii) अन्य जुनसुकै प्रकृति वा तह वा सङ्काय वा कक्षाका शिक्षक भएता पनि साविकमा तोकिएको आधारभूत

पारिश्रमिकमा बुँदा नं. १.१ अनुसारले हिसाव गर्दा हुनआउने पारिश्रमिक भुक्तान गरिने छ ।

xviii) क्याम्पस प्रमुखलाई सबैसत्रको पूर्णकालीन (Whole Timer) कार्यगर्न २०७६ श्रावण १ गते देखि लागु हुनेगरी निजको शुरु तलब मानको छैसट्ठी प्रतिसत (६६%) थप पारिश्रमिकको व्यवस्था गरिएको छ ।

**ख) प्रशासनिक तलव**

१.३) प्रशासनिक तलबअन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन स्थायी, अस्थायी र अंशकालीन विभिन्न तह तथा सिफ्टका कर्मचारीहरू, सुरक्षा गार्ड, स्वीपर, मेतर र मालीको साविकमा खाइपाइ आएको आधारभूत तलव (शुरु तलव स्केल) को  २०७६ श्रावण १ गते देखि लागुहुने गरी २० (बीस) प्रतिसतले तलवमान वृद्धि गरिएको छ । यसो गर्दा प्रशासनिक तलवभत्ता तर्फ खर्चहुने जम्मा रु. ८७,३०,७५१/- रकम विनियोजन गरिएको छ ।

१.४) क्याम्पस सञ्चालक समिति र कर्मचारी सेवा आयोगले आवश्यक नीति, मापदण्ड र कार्यविधि तयारगरी लागू हुने गरी देहाय-अनुसारको व्यवस्था गरिएको छ ।

i) मिति २०७६ श्रावण १ गतेदेखि लागुहुने गरी कार्यरत मध्येका जेष्ठतम १ जना नायव सुब्बा कर्मचारीलाई प्रोत्साहनस्वरुप खाइपाइ आएको दुई ग्रेड थप गर्ने ।

ii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी कार्यरत एकजना मुखियालाई स्थायी गर्ने ।

iii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी कार्यरत एकजना अंशकालीन कर्मचारीलाई अस्थायी मुखियामा नियुक्त गर्ने ।

iv) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी खरिदार सरहको रेसिप्सनिष्ट (Receiptionist) दरवन्दी कायम गरी एकजना नयाँ नियुक्त गर्ने ।

v) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी नायवसुब्बा सरहको विज्ञान सङ्कायको लागि ल्याव असिष्टेन्ट (Lab Assistant) नयाँ दरवन्दी कायम गरी नियुक्ति गर्ने ।

vi) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी अधिकृतको दरबन्दी कायम गरी अधिकृत नियुक्त गर्ने ।

vii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी एकजना कार्यालय सहयोगी नियुक्त गर्ने ।

viii) मिति २०७६ चैत्र देखि लागुहुने गरी कार्यरत तीनजना मुखियालाई खरिदारमा बढुवा गर्ने ।

ix) पूर्णकालीन कर्मचारीहरूलाई साविकमा दिइँदै आएको पोशाक खर्चलाई यस पटक पनि निरन्तरता दिइएको छ र यसका लागि साविकको खर्च समावेश गरिएको छ ।

**ग) अन्य सञ्चालन खर्च**

अन्य सञ्चालन खर्च अन्तर्गत माथि तालिका नं. ८ मा उल्लेख गरिएको कार्यालय सञ्चालन खर्चमा समावेश गरिएका उप शीर्षकहरू पर्दछन् । यी उप शीर्षकहरू मध्ये स्पष्ट पार्नुपर्ने उप शीर्षकहरू यस प्रकार छन्

२.१) परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको वार्षिक कार्यपात्रोमा उल्लेख गरिएका समयमा अध्ययनरत

विद्यार्थीहरूको आन्तरिक परीक्षाको व्यवस्थापन, सञ्चालन, नतिजा प्रकासन र पृष्टपोषण वापतको खर्च समावेश गरिएको छ ।

२.२) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान तथा सीप विकासका लागि Non-credit Course को तर्जुमा गरी विद्यार्थीहरूको समेत लागत सहभागितामा कार्यक्रम सञ्चालन, कार्यान्वयन र सो को प्रमाणिकरण गर्न लाग्ने खर्च समावेश गरिएकोछ । यसकासाथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि खास-खास विषयमा उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समावेश गरिएको छ ।

२.३) मर्मत संभार अन्तर्गत डेक्सबेञ्च, झ्यालढोका, इलेक्ट्रोनिक मेडिया, भवन तथा कार्यालयमा हुने टुटफुट खर्च समावेश गरिएको छ ।

२.४) यातायात खर्च अन्तर्गत विहानी सत्रका विद्यार्थीहरूका लागि पूर्वमा कानेपोखरी चोक र पश्चिममा इटहरी चोकबाट विद्यार्थीहरूलाई यातायात सुविधा पुर्‍याउने कार्यका लागि बसभाडा वापत खर्च विनियोजन गरिएको छ

२.५) विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, डकुमेन्ट्रि तथा विज्ञापनमा लाग्ने खर्च समावेश गरिएको छ ।

२.६) पोशाक खर्च अन्तर्गत क्याम्पसका पूर्णकालिन कर्मचारीहरूलाई क्याम्पस पोशाकका लागि विगतमा दिइँदै गरेको साविक कै खर्च समावेश गरिएको छ ।

२.७) सामाजिक सेवा अन्तर्गत क्याम्पसले सामाजिक सेवामा समेत योगदान पुर्‍याउने कार्यका लागि यस सुन्दरहरैचा नगरपालिका वडा नं. १० मा रहेको श्री चण्डेश्वरी आधारभूत विद्यालयमा अध्ययनरत अनाथ, असहाय, सिमान्तिकृत, दलित र विपन्न बालबालिकाहरूको शैक्षिक, सामाजिक र प्राविधिक क्षमता अभिवृद्धि र विद्यालयका शिक्षकहरूको शैक्षणिक क्षमता अभिवृद्धिका लागि समेत सहयोग पुर्‍याउन रकम विनियोजन गरिएकोछ ।

२.८) यस शैक्षिक कार्यक्रमको तयारी, विभिन्न कार्यक्रमका लागि प्रस्तावना लेखन तथा कार्यक्रमको तयारी, विश्वविद्यालय अनुदान आयोगमा पेश गरिने कागजात तथा प्रतिवेदनको तयारी तथा QAA नविकरणका लागि SSR Report को तयारीका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.९) विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि विगतमा निर्धारण गरिएको कोटा, मूल्याङ्कन प्रक्रिया र मापदण्डका आधारमा शुल्क सहुलियतका लागि रकम विनियोजन गरिएको छ ।

२.१०) छात्रवृत्ति शीर्षक अन्तर्गत दाताहरूले प्रदान गर्नुभएको अक्षय कोषको व्याज, दाताहरूबाट प्रदान गरिने अनुदान, विभिन्न सङ्घ/संस्थाहरू, विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट प्राप्तहुने छात्रवृत्ति कोष र क्याम्पस कोषबाट समेत सदा वर्ष झैं शैक्षिक उपलब्धिमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई प्रदान गर्ने

छात्रवृत्ति रकम समावेश गरिएको छ ।

२.११) अभ्यास शिक्षण अन्तर्गत शिक्षाशास्त्र सङ्कायका विद्यार्थीहरूले गर्ने अभ्यास शिक्षण कार्यक्रमको खर्च समावेश गरिएको छ ।

२.१२) शेधकार्य अन्तर्गत स्नातक तथा स्नातकोत्तरतहका विद्यार्थीहरूले गर्ने शोधपत्र तथा प्रोजेक्टवर्क वापतको खर्च समावेश गरिएको छ ।

२.१३) अवलोकन भ्रमण अन्तर्गत क्याम्पस सञ्चालक समिति, लेखा समिति, पुनरावेदन समिति तथा क्याम्पस प्रशासनबाट प्रतिनिधिमूलक ढङ्गले विभिन्न उत्कृष्ट क्याम्पसहरूको अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम गर्दा लाग्ने खर्चविनयोजन गरिएको छ ।

२.१४) वृत्ति विकास उप शीर्षकअन्तर्गत यस क्याम्पसबाट सङ्कायगत रुपमा एम.फिल., पिएच. डि.गर्न जाने, प्राज्ञिक तथा प्राविधिक सभा सम्मेलन, तालिम, सेमिनार, प्रबोधिकरण, नवप्रवर्द्धन, विषेशज्ञता प्राप्तिका लागि प्रोत्साहन गर्न लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

२.१५) अनुसन्धान खर्चअन्तर्गत अनुसन्धान व्यवस्थापन एकाईले क्याम्पसका प्राध्यपक तथा कर्मचारीहरू मध्येबाट अनुसन्धान प्रस्तावनाको उत्कृष्टताको आधारमा प्रति लघुअनुसन्धान रु.४०,०००।- का दरले बढीमा ५ वटा सम्म लघु अनुसन्धान गराउने र वृहत (Rigorus) अनुसन्धानका लागि कम्तिमा एक (१) वटा अनुसन्धानका कार्य गर्न गराउनका लागि रु.१,५०,०००।- रकम विनियोजन गरिएको छ । यसका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये विगत वर्ष सञ्चालक समितिले गरेको निर्णयअनुसार शोधपत्र तयार गर्ने विद्यार्थीहरू मध्ये उत्कृष्टताका आधारमा ४ जना छात्रा र ४ जना छात्रलाई प्रति शोधपत्र रु. १०,०००।- का दरले "शोधपत्र प्रोत्साहन" रकम विनियोजन गरिएको छ ।

२.१६) अनुसन्धान खर्च अन्तर्गत "लघु अनुसन्धान र वृहत अनुसन्धानका" लागि विशेषज्ञ सेवा र अनुसन्धान सहजिकरणका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.१७) क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरूलाई अनुसन्धानमुलक लेखका लागि प्रोत्साहन गर्न रकम विनियोजन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानमुलक जर्नलमा लेख प्रकाशन गर्ने तीन जना प्राध्यापकलाई प्रति लेख २५,०००।- र राष्ट्रिय स्तरको जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना प्राध्यापकलाई प्रति लेख रु.१०,०००।-का दरले "अनुसन्धानमुलक लेख प्रोत्साहन" रकम प्रदान गर्ने रकम विनियोजन गरिएको छ ।

२.१८) तालिम/सेमिनार खर्च अन्तर्गत यस वर्ष हुने पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम, शोधपत्र अभिमुखीकरण कार्यक्रम, आईसीटी तालिम, स्नातक तहका लागि विषयगत अभिमुखीकरण, पुस्तकालय तथा सफ्टवेयर तालिम, बैङ्किङ तथा उद्यमशिलता तालिम,अनुसन्धान गोष्टि, पुनर्ताजगी तालिम र अन्य तालिम सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.१९) जर्नल प्रकाशन शीर्षकअन्तर्गत क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले प्रकाशन गर्ने Peer Reviewed जर्नल, व्यवस्थापन सङ्काय तथा नेपाली शिक्षण विभागबाट प्रकासन हुने जर्नलका लागि रकम विनियोजन गरिएको छ ।

२.२०) प्रकासन खर्च अन्तर्गत क्याम्पसले प्रकासन गर्ने अभ्यास शिक्षण पुस्तिका, शैक्षिक पात्रो (Academic Calender), सुकुना सन्देश नामको बुलेटिन, प्रोस्पेक्टस र वार्षिक प्रतिवेदन (Annual Progress Report) प्रकासन गर्दा लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

**सुझावहरू**

क्याम्पसको वर्तमान संरचना, आर्थिक अवस्था र बढ्दो शैक्षिक कार्यक्रमका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. नेपाल सरकार तथा त्रिविका वर्तमान ऐन, नियम र निर्देशिकाअनुसार क्याम्पसमा कार्यरत जनशक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागिता गराउन र सो योजना कार्यान्वयन गर्न पहलकदमी गर्नुपर्ने ।
२. क्याम्पसमा कार्यरत एउटै तहमा शिक्षकको तलव मानमा भएको असमानता न्यूनिकरण गर्न आवश्यक नीति बनाई कार्यान्वयन गर्नुपर्ने ।
३. क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यसको सुनिश्चिता कायम गर्नुपर्ने ।
४. वित्तिय अनुसासन, पारदर्शिताका र जवाफदेहिता कायम गर्न आर्थिक निर्देशिका तथा खर्च कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।
५. क्याम्पसको ख्याति, प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्राविधिक, व्यवसायिक, सीपमूलक र विकाउ जनशक्तिको उत्पादन गर्न प्राविधिक प्रकृतिका नयाँ विषयहरूको सम्वन्धन लिई सञ्चालन गर्नुपर्ने ।
६. यस क्याम्पसको पूर्व विद्यार्थी सङ्गठनलाई प्रभावकारी बनाई क्याम्पसको विकासमा उनीहरूलाई सहभागी गराउनु पर्ने ।
७. यस क्याम्पसलाई प्रदेश नं. १ को उत्तम र सफल क्याम्पस बनाई प्रादेशिक विश्वविद्यालयको केन्द्रविन्दु बनाउन सर्वपक्षिय पहलकदमि गर्नुपर्ने ।

अन्त्यमा प्रस्तुत बजेट तयार गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामि दिनमा पनि झनै सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । प्रस्तुत बजेटलाई गहन छलफल र विश्लेषण गर्दै पारित गरिदिनु हुन सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

बजेट मस्यौदा समिति २०७६ को तर्फबाट

प्रस्तोता
चन्द्रमणि राई
क्याम्पस प्रमुख
एवम्
संयोजक
बजेट मस्यौदा समिति २०७६
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा, मोरङ

बजेटका आवश्यक थप विवरणहरूअनुसूची १ देखि ६ सम्ममा समावेश गरिएका छन् ।